नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ६४ | २०७८ साल असोज १४ गते बिहीबार (30 Sep. 2021 Thursday) | मूल्य रु. ५/-

**वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।**

- बाढी, पहिरो, र डुवानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं।
- विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दुई महिनामा ४० अर्ब ... ३ पृष्ठमा : आइपिओ जारी गर्दै मध्य ... ३ पृष्ठमा कारागारमा कैदीबीच भएको ...

# प्रदेश २ मुख्यमन्त्री कार्यालयमा अख्तियारको छापा




**दैनिक समाचारदाता**
**जनकपुरधाम, १३ असोज ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले बुधबार प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा छापा मारेको छ ।

आयोगको केन्द्रिय कार्यालय काठमाडौं र बर्दिबास कार्यालयको संयुक्त टोली मुख्यमन्त्री कार्यालयमा छापा मारेको हो ।

प्रदेश २ सरकारको "बेटी पढाउ, बेटी बचाउ" अभियान अन्तरगत २०७६ सालमा सामुदयिक विद्यालयमा अध्ययनरत छात्रालाई साइकल वितरण गरेको विषयमा अख्तियारले छानबिन गर्न लागेको जनाइएको छ ।

मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा २०७६ असार १६ गते बसेको बैठकले सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई साइकल वितरण गर्ने निर्णय गरेको थियो । सो निर्णय अनुसार ९ करोड ८४ लाख १८ हजार रुपैयाँको १४ हजार थान साइकल किनेर २ सय ६२ विद्यालयका प्रधानाध्यापकलाई बोलाएर ८ कक्षामा पढ्ने छात्राका लागि भनी साइकल दिइएको थियो ।

यता अख्तियारको टोलीले साइकल बितरण सम्बन्धी सम्पूर्ण कागजपत्रहरु नियन्त्रणमा लिई गएको जनाइएको छ ।

यसैबीच मुख्यमन्त्री राउतले अख्तियारको शैलीप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनले बुधबार पत्रकार सम्मेलनको आयोजना गरि अख्तियारको छापामार शैलीले सरकारलाई बदनाम गर्न खोजेको आरोप समेत लगाए ।

# छतिस घण्टाको उपवासपछि जितिया पर्व सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १३ असोज ।**

सन्तानको दिर्घायुको कामना गर्दै छतिस घण्टाको उपवासपछि बुधबार साँझ ५:३० बजे ब्रतालु महिलाहरुले भोजन गरि जितिया पर्व सम्पन्न गरेका छन् ।

यस वर्षको जितिया पर्वमा २४ घण्टाको साटो ३६ घण्टा उपवास बस्नु परेको हो ।

तीन दिवसीय जितिया पर्वको पहिलो दिन सोमवार स्थानीय महिलाहरु जलाशयमा स्नान गरेर जितवाहन भगवानको पुजा आराधना गरी नहाय खाय विधी शूरु गरेका थिए ।

भगवानको आराधना पश्चात महिलाहरुले घरमा मरुवा (कोदो) को रोटी, माछा लगायतका परिकार खाई तथा साकाहारीले गम्हरी (कोसा भित्रै फल्ने धान) को खिर वा भात खाएर ब्रतको तयारी गरेका थिए ।

मंगलबार बिहान सुर्योदय अघि ब्रतालुहरुले घिरौलाको पातमा दही, च्युरा, केरा चढाएर पूजा गर्ने गरि प्रसादको रुपमा ग्रहण गरेपछि ब्रत प्रारम्भ भएको थियो ।

पर्वको तेश्रो दिन तथा अन्तिम दिन बुधवार साँझ फलफुल, केराउ, अरुवा चामल चढाएर पारण गरेपछि महिलाहरुले भोजन गर्दै सम्पन्न गरे ।

**राष्ट्रिय जनगणना २०७८**

**आम समुदायमा अपिल**

यही २०७८ साल भाद्र ३० देखि आश्विन १८ गते सम्म (बीस दिन) प्रत्येक घर तथा घरपरिवारमा राष्ट्रिय जनगणना २०७८ को लागि घर तथा घरपरिवार सूचीकरण कार्य गर्न सुपरिवेक्षकहरु आउँदैछन् । उनीहरुलाई आफ्नो सही विवरण दिई आफ्नो घर तथा घरपरिवार सूचीकृत भएको सुनिश्चत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तिलाठी कोइलाडी गाउँपालिकाको विपद् पोर्टलको उद्घाटन




**दैनिक समाचारदाता**
**राजविराज, १३ असोज ।**

विपद्का घटनाहरुको बिस्तृत विवरण समावेश गरिएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको विपद् पोर्टलको बुधबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ ।

सक्षम परियोजना अन्तर्गत तिलाठी कोइलाडी गाउँपालिका, कोशी पीडित समाज र युथइनोभेशन ल्याबको समन्वय तथा सहकार्यमा गाउँपालिकाको विपद् पोर्टल तयार गरिएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले पोर्टलमा लगइन गरी उद्घाटन गरे । विपद् पोर्टल सञ्चालनको म्यानुअल डिआरआर फेलो वास्तोलाले प्रमुख प्रशासकीय अधिकृत झालाई हस्तान्तरण समेत गरे ।

तिलाठी कोइलाडी गाउँपालिकामा सन् २०११ देखि हालसम्मको भएको विपद्का घटनाहरुको विस्तृत विवरण पोर्टलमा राखिएको तथा आगामी दिनमा यस पोर्टललाई अझ अद्यावधिक गर्दै लगिने पोर्टल तयारीको लागि गाउँपालिकामा रहेका डिआरआर फेलो विपुल वास्तोलाले जानकारी दिए ।

विपद् पोर्टल उद्घाटनको अवसरमा प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झा, विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले पोर्टलको प्रयोग लगायतको बारेमा मन्तब्य ब्यक्त गरे ।

**कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।**




**अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।**

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दुई महिनामा ४० अर्ब राजस्व संकलन

वीरगञ्ज, १३ असोज (रासस)।

मुलुककै सबैभन्दा ठूलो भन्सार कार्यालय वीरगञ्ज भन्सार कार्यालयमा चालु आर्थिक वर्ष २०७८/७९ को हालसम्म कूल रु ४० अर्ब ६५ करोड राजस्व सङ्कलन भएको छ। कार्यालयका अनुसार चालु आवको साउन १ देखि असोज १० गते (हालसम्म)को वितरणअनुसार सो बराबरको राजस्व सङ्कलन गर्न कार्यालय सफल भएको हो।

कार्यालयका अनुसार चालु आवमा रु एक खर्ब ९८ करोड १८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिइएकामा हालसम्म वार्षिक लक्ष्यको २० दशमलव पाँच प्रतिशत लक्ष्य पूरा भएको कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले जानकारी दिनुभयो। चालु आवको गत साउन र भदौ गरी दुई महिनामा रु २७ अर्ब ५३ करोड ६९ लाख ३९ हजार लक्ष्य पाएकामा करिब रु पाँच अर्ब बढी आर्थात् रु ३२ अर्ब ५३ करोड राजस्व सङ्कलन भएको देखिन्छ। यो लक्ष्यभन्दा करिब १८ प्रतिशतले बढी हो।

गत आव २०७७/७८ को सोही अवधिमा लक्ष्यको तुलनामा जम्मा ९५ प्रतिशत मात्र राजस्व सङ्कलन भएको थियो। त्यसबेला रु १७ अर्ब १९ करोड ९९ लाख ६१ हजार राजस्व लक्ष्य पाएकामा रु १६ अर्ब ४० करोड ७० लाख ८२ हजार राजस्व सङ्कलन भएको प्रमुख भन्सार अधिकृत पौडेलले जानकारी दिनुभयो।

वीरगञ्ज नाकाबाट डिजेल, पेट्रोल, सवारी साधन, एलपी ग्यास, सोयाबिन, पाम, सूर्यमुखीको कच्चा तेल, एमएस बिलेट, एचआर सिट, एचआर स्ट्रिप्स, भटमास, पोलिथिन दाना, मोबिल लुब्रिकेन्ट्स, तयारी कपडा, बस ट्रकका चेचिसलगायत सामानको आयात हुँदै आएको छ। सो नाकाबाट दैनिक करिब ८०० ट्रकमा सामान आयात हुने गरेको छ भने करिब १०० ट्रकमा सामग्री निर्यात हुने गरेको छ।

**बिचौलिया धपाउँदै प्रहरी**

पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक वेलबहादुर पाण्डेले प्रहरी कार्यालयमा सम्बन्धित व्यक्तिको कामका लागि आवश्यक व्यक्तिबाहेक बिचौलियाका रूपमा आउनेलाई जोकसैलाई पनि कार्यालयबाट बाहिर धपाउने अभियान चलाउँदै आउनुभएको छ।

सर्वसाधारण र प्रहरीबीचको सम्बन्धलाई थप सुमधुर पार्ने र सामान्य व्यक्तिसमेत आफ्नो आवश्यकताअनुसार कामको सिलसिलामा प्रहरी कार्यालयसम्म स्वयं पुग्न सकोस् भन्ने उद्देश्यले प्रहरी उपरीक्षक पाण्डेले बिचौलिया धपाउने अभियान चलाउँदै आउनुभएको हो। सम्बन्धित व्यक्ति सो कार्यमा आवश्यक अन्य व्यक्तिबाहेक कार्यालयमा आउने अन्य बिचौलियाका रूपमा सक्रिय जो कसैलाई पनि प्रहरी उपरीक्षक पाण्डेले सकभर कार्यालय प्रवेशमा समेत रोक लगाउँदै आउनुभएको छ।

सम्बन्धित व्यक्ति र सो काममा आवश्यक व्यक्तिबाहेक विभिन्न बहानामा पीडित पक्षसँग आफू प्रहरी कार्यालय पुगी काम गराइदिन्छु भन्ने खालाका बिचौलिया प्रवृत्तिका व्यक्तिलाई निरुत्साहित पार्दै आएको प्रहरी उपरीक्षक पाण्डेलले बताउनुभयो। "विभिन्न कार्यको सिलसिलामा प्रहरी कार्यालय आउने सर्वसाधारणलाई सकभर प्रहरीले पारदर्शीरूपमा काम गर्छ चिनजान साथै दबाब तथा प्रभावका आधारमा हुँदैन, कानुनबमोजिम न्याय पाइन्छ भन्ने आम नागरिकलाई विश्वास दिलाउन सकभर बिचौलियालाई प्रोत्साहन दिएको छैन", उहाँले भन्नुभयो।

प्रहरी उपरीक्षक पाण्डेले आफू मात्र होइन जिल्ला प्रहरी कार्यालय पर्सामातहतका सबै प्रहरी युनिटमा सकभर जनताको काम बिचौलियाको भरमा नभई कानुनका आधारमा सामान्यभन्दा सामान्य व्यक्तिले सोझै प्रहरीको सेवा लिन सकुन् भन्ने उद्देश्यले निर्देशन दिएको बताउनुभयो।

# चरित्रहत्या गरेको आरोपमा चार युट्युबर पक्राउ

काठमाडौं, १३ असोज (रासस)।

युट्युब च्यानल सञ्चालन गरी तस्वीरसहितको सामग्री (भिडियो अन्तरवार्तासमेत) प्रसारण गरी महिलाको चरित्रहत्या गरेको आरोपमा प्रहरीले चार युट्युबरलाई आज पक्राउ गरेको छ।

महिलाको इज्जत प्रतिष्ठामा आँच पुऱ्याइ घृणा फैलाउने सामग्री प्रसारण गरी विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसुर गरेकाले उनीहरुलाई पक्राउ गरिएको प्रहरीको साइबर ब्युरोले जनाएको छ।

पक्राउ पर्नेमा दैनिकखबर युट्युब च्यानलका सञ्चालक दाङ तुलसीपुर उपमहानगरपालिका १७ घर भई काठमाडौँको गोकर्णेश्वर बस्ने २१ वर्षीय प्रदीप भण्डारी र हरेकपलको खबर युट्युबका सञ्चालक नुवाकोट सूर्यगढी गाउँपालिका घर भई काठमाडौँको नेपालटार बस्ने २७ वर्षीय शिशिर अधिकारी रहेका ब्युरोले बुधबार एक विज्ञप्ति जारी गरी जनाएको छ।

यस्तै सराइचुली युट्युब च्यानलका सञ्चालक मोरङ बेलबारी नगरपालिका-९ घर भई काठमाडौँको पेप्सिकोला बस्ने ३५ वर्षीय पिङ्क्ला कार्की र मोर्डन अनलाइन टिभीका सञ्चालक दोलखा मेलुङ घर भई काठमाडौँको गोकर्णेश्वर बस्ने २४ वर्षीय रोधन तामाङ पनि पक्राउ परेका ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक नविन्द अर्यालले जानकारी दिनुभयो।

पक्राउ परेका उनीहरुमाथि बुधबारै काठमाडौँ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान थालिएको ब्युरोले जनाएको छ। ब्युरोमा परेको उजुरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको छ।

पछिल्लो समयमा युट्युब च्यालनका सामग्रीमाथि धेरै प्रश्न उठ्ने गरेको छ। कतिपय यस्ता च्यानलले प्रसारण गर्ने सामग्रीमा स्रोतको उल्लेख नहुने गरेको, सत्यतथ्यमा आधारित नरहेको तथा मानिसको चरित्रहत्या गर्ने र व्यक्तिगत विषयसमेत सञ्चारमाध्यामबाट सार्वजनिक गर्ने गरेको प्रहरीले जनाएको छ। पत्रकार आचारसंहिताकोसमेत ख्याल नगरिएकोसमेत पाइएको जनाइएको छ।

# देशभर एक हजार १ हजार ५७ संक्रमित थपिए

काठमाडौं, १३ असोज (रासस)।

पछिल्लो २४ घण्टामा एक हजार १ सय ५७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले १४ हजार ५४१ मा कोरोना परीक्षण गर्दा एक हजार १५७ मा संक्रमण पुष्टि भएको जानकारी दिनुभयो।

बुधबार थपिएकासँगै देशभर सक्रिय संक्रमित १८ हजार १९३ पुगेको छ। उहाँका अनुसार ५०० बढी संक्रमित भएका जिल्ला नौ र २०० बढी संक्रमित भएका जिल्ला १९ छन्।

सो अवधिमा एक हजार ११३ जना संक्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुने सात लाख ६४ हजार ८४७ छन्। नेपालमा संक्रमणमुक्त हुने दर ९६.३ प्रतिशत छ। संक्रमणका कारण सो अवधिमा आठ जनाको मृत्यु भएको छ।


हालसम्म संक्रमणबाट ११ हजार १२३ को मृत्यु भइसकेको छ। हाल देशभर ३५४ जना सघन उपचार कक्ष (आइसियु), ९९ भेन्टिलेटर, १६ हजार ८७८ होम आइसोलेशन, एक हजार ३१५ जना संस्थागत आइसोलेशन र २४४ जना क्वारेन्टिनमा छन्।

बुधबार दुई लाख ८६ हजार १४५ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। हालसम्म नेपालमा ७२ लाख १४ हजार ७४२ ले पहिलो मात्रा र ६२ लाख ३८ हजार एकले पूर्ण मात्राको खोप लगाएका छन्।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# आइपिओ जारी गर्दै मध्य भोटेकोशी

काठमाडौँ, १३ असोज (रासस) ।

मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेडले आगामी असोज २० गतेदेखि सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्कासन ( आइपिओ) बिक्री खुल्ला गर्ने भएको छ ।

कम्पनीले कूल रु ९० करोड बराबरको रु एक सय अङ्कित मूल्यका ९० लाख कित्ता शेयर सर्वसाधारणका लागि बिक्री खुल्ला गर्न लागेको हो ।

निष्कासन गरिने कूल ९० लाख कित्ता शेयरमध्ये चार प्रतिशत अर्थात् तीन लाख ६० हजार कित्ता शेयर कर्मचारीलाई सुरक्षित गरिएको र पाँच प्रतिशत अर्थात् चार लाख ५० हजार कित्ता शेयर सामूहिक लगानी कोषलाई बाँडफाँट गरी बाँकी रहने ८१ लाख ९० हजार कित्ता साधारण शेयर सर्वसाधारणलाई निष्कासन गरिने कम्पनीले जनाएको छ ।

सर्वसाधारणले न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्ता शेयर प्रतिशेयर रु एक सयका दरले असोज २५ गतेसम्म आवेदन दिन सक्नेछन् । माग गरिएबमोजिमका शेयरमा असोज २५ गतेसम्म आवेदन नआए ढिलोमा कात्तिक ३ गतेसम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

कम्पनीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी नदीमा कूल १०२ मेगावाटको आयोजना निर्माण गरिरहेको छ । आयोजनाको अनुमानित लागत करिब रु १६ अर्ब ९७ करोड ३२ लाख १८ हजार र प्रतिमेगावाट अनुमानित लागत १६ करोड ६४ लाख चार हजार १०१ हुने कम्पनीले सार्वजनिक गरेको विवरणपत्रमा उल्लेख गरिएको छ ।

कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल र सह निष्कासन तथा बिक्री प्रबन्धकहरु एनआइबिएल एस क्यापिटल, प्रभु क्यापिटल, लक्ष्मी क्यापिटल, सिभिल क्यापिटल, सानिमा क्यापिटल र सिबिआइएल क्यापिटल रहेका छन् ।

आवेदकले सी-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामार्फत तथा अनलाइनबाट 'मेरो शेयर'मार्फत शेयर खरिदका लागि आवेदन दिन सकिने कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकले जनाएको छ ।

कम्पनीले यसअघि कर्मचारी सञ्चयकोषमा सञ्चय गर्ने सञ्चयकर्ता कर्मचारी, संस्थापक शेयरधनी संस्थाका कर्मचारी र आयोजना प्रभावित तथा सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाका लागि गरिएको निष्कासनमा आवेदन दिई बाँडफाँटमा परेका शेयरधनीहरुले यस निष्कासनमा पुनः आवेदन दिएमा निजको आवेदन रद्द हुने उल्लेख गरेको छ ।

# चाडपर्वलाई खाद्यान्न र उपभोग्य सामग्रीमा ध्यान दिन निर्देशन

काठमाडौँ, १३ असोज (रासस) ।

संसदीय समितिअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चाडपर्वका लागि आवश्यक पर्ने खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीमा ध्यान दिन सरकारलाई निर्देशन दिएको छ ।

सिंहदरबारमा बसेको समितिको बैठकले चाडपर्वको बेलामा दैनिक उपभोग्य सामग्रीको पर्याप्तता, सुपथ मूल्य पसल र बजार अनुगमनमा ध्यान केन्द्रित गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको हो । समितिका सभापति विमलप्रसाद श्रीवास्तवले बजारमा काठमाडौँमा चिनी र दुर्गमका जिल्लामा खाद्यान्न अभाव भएको जानकारी आएको भन्दै तत्काल आपूर्तिको व्यवस्था गर्न निर्देशन दिनुभएको हो ।

उहाँले विभिन्न पत्रपत्रिकामा दुर्गमका जिल्लामा कुहिएको चामल पठाइएको र केही जिल्लामा दसैंका लागि खाद्यान्न अभाव भएको सुनिएको भन्दै जानकारी माग गर्नुभएको थियो । समितिका सदस्यले चाडपर्वको समयमा बजारमा हुने कालोबजारीमा ध्यान केन्द्रित गर्न निर्देशन दिनुभएको थियो । समितिका सदस्य देवेन्द्र पौडेलले राज्यले दिएको छुट उपभोक्ताले अनुभूति गर्न नसकेको भन्दै सुपथ मूल्यका पसलमा पर्याप्त खाद्यान्नको बिक्री वितरणमा जोड दिनुभएको थियो ।


उहाँले सरकारी संस्थान काठमाडौँ उपत्यकामा मात्र केन्द्रित भएको भन्दै दुर्गमका जिल्लामा पर्याप्त मात्रामा खाद्यान्नको मौज्दात राख्नुपर्नेमा जोड दिनुभयो । सदस्य किसानकुमार श्रेष्ठले विदेशी वस्तुको आयातलाई कम गर्न स्वदेशी बस्तुको खपतमा केन्द्रीत हुनुपर्ने बताउनुभयो ।

**पर्याप्त मौज्दात : वाणिज्य सचिव**

सरकारले चाडपर्वका लागि खाद्य सामग्री मौज्दात पर्याप्त मात्रामा रहेको भन्दै अभाव नहुने जनाएको छ । समितिमा भएको छलफलमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेश भट्टराईले अभाव नहुने बताउनुभएको हो । उहाँले सरकारी कम्पनी तथा निजी उद्योगी व्यवसायीसँगले दिएको तथ्याङ्कअनुसार चिनी, तेल तथा चामलको मौज्दात पर्याप्त रहेको बताउँदै बजारमा हल्ला भएअनुसार अभाव नभएको बताउनुभयो ।

समितिका सदस्यको प्रश्नको जवाफ दिँदै साल्ट ट्रेडिङ कर्पोरेशनका महाप्रबन्धक उर्मिला श्रेष्ठले कम्पनीसँग मौज्दात रहेको चिनी सकिएपछि काठमाडौँमा मात्रै बिक्री वितरण गर्नुपरेको बताउनुभयो । उहाँले भन्सार छुटमा चिनी आयातको अनुमति नपाउँदा कम्पनीसँग रहेको मौज्दात चिनी सकिएपछि काठमाडौँमा मात्रै बिक्री वितरण गर्नुपरेको स्पष्ट पार्नुभयो ।

"हामीले धरै अगाडीदेखि नै मन्त्रालयमा चिनीको मौज्दात सकिन लागेको र थप खरिदको अनुमति माग गरेका थियौं । भन्सार छुटमा चिनी खरिदको अनुमति नपाएपछि हामीले जति मौज्दात छ सोही नै बिक्री वितरण गर्दै आएका छौँ', उहाँले भन्नुभयो, "दुर्गमका जिल्लामा नूनको भण्डारण भइसकेको छ । हामीसँग ११ महिनाका लागि पुग्ने नून मौज्दात छ, अभाव छैन ।"




# विश्व समाचार

## कारागारमा कैदीबीच भएको झडपमा २४ को मृत्यु, ४२ घाइते

क्वीटो, १३ असोज (रासस/सिन्ह्वा) ।

इक्वेडरको एक कारागारमा भएको झडपमा परेर कम्तीमा पनि २४ कैदीको ज्यान गएको बताइएको छ । यहाँको कारागारमा राखिएका कैदीबीच भएको झडपमा उनीहरु मारिएका हुन् ।

त्यस क्रममा अरु ४२ जना घाइते भएका छन् । घाइतेमध्ये धेरैको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ । मङ्गलबार यहाँको समुन्द्रीय तटीय नगर गाकुइलमा रहेको जेलमा सो झडप भएको थियोः ।

यहाँको राष्ट्रिय प्रहरीले ती कैदीबीच के कति कारणले झडप भएको हो भन्ने बारेमा अनुसन्धान जारी रहेको जनाएको छ ।

## भारतमा थप १८ हजार सङ्क्रमित थपिए

नयाँदिल्ली, १३ असोज (रासस/एएनआई) ।

भारतमा थप १८ हजार ८७० जना नयाँ सङ्क्रमित थपिएका छन् । सङ्क्रमित भएका मध्ये ११ हजार १९६ जना केरलाका मात्रै रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा ३७८ जनाको कोरोनाका कारण मृत्यु भएको छ । योसँगै कुल मृतकको सङ्ख्या चार लाख ४७ हजार ७५१ पुगेको छ ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या दुई लाख ८२ हजार ५२० रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार यो सङ्ख्या १९४ दिनपछिकै सवैभन्दा कम हो ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड २९ लाख ८६ हजार १८० पुगेको छ । तीमध्ये २८ हजार १७८ जना पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएका हुन् ।

पछिल्लो समय दैनिक नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या बढी भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घटेको हो ।

पछिल्लो एक दिनमा देशभरी १५ लाख चार हजार ७१३ जनाको कोरोना परीक्षण गरिएको छ । योसँगै अहिलेसम्म ५६ करोड ७४ लाख ५० हजार १८५ जनाको कोरोना परीक्षण गरिएको मन्त्रालयले जनाएको छ ।

## बेलायतमा एकैदिन ३४ हजारभन्दा बढीमा कोरोना सङ्क्रमण

लण्डन, १३ असोज (रासस/सिन्ह्वा) ।

बेलायतमा मङ्गलबार एकै दिनमा ३४ हजारभन्दा बढीमा कोरोना भाइरसको सङ्क्रमण देखिएको जनाइएको छ । गएको २४ घन्टामा ती सङ्क्रमित थपिएका सो समाचारमा जनाइएको छ ।

प्राप्त समाचारअनुसार यहाँ मंगलबार मात्र ३४ हजार ५२६ जना सङ्क्रमित भेटिएका थिए । अघिल्लो दिन यहाँ ३७ हजार जना सङ्क्रमित पाइएको बताइएको थियो । तर मङ्गलबार भने ३४ हजार जनामा झरेको पाइएको छ ।

बेलायतका अधिकारीले भने यहाँ हरेक दिन सङ्क्रमित बढ्दै गएको बताएका छन् । मङ्गलबार सो सङ्ख्या केही कमी आएको हो ।

त्यसै गरी यहाँ गएको २४ घण्टा यतामात्र १६७ जनाको यो सङ्क्रमणबाट मृत्यु भएको पनि बताइएको छ । थपिएको यो मृत्युसँगै यहाँ यो सङ्क्रमणबाट ज्यान जानेको सङ्ख्या एक लाख ३६ हजार ३७५ जना पुगेको पनि बताइएको छ ।

यहाँ अहिलेसम्म ७७ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन् । लन्डनमा कोभिड-१९ को अवस्था केही हप्ता अघिसम्म सामान्यजस्तो देखिएपनि पछिल्ला दिनमा फेरि यो बढ्दै जान थालेको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन् ।

अधिकारीले यहाँ पछिल्ला केही दिनयता सङ्क्रमित थपिने र मृत्युको सङ्ख्या पनि बढ्न थालेको जनाएका छन् । उनीहरुले यहाँ हरेक दिन ३० हजारभन्दा पनि बढी सङ्क्रमित थपिने गरेका जानकारी दिएका छन् ।

## जापानमा शक्तिशाली भूकम्प

टोकियो, १३ भदौ (रासस/सिन्ह्वा) ।

जापानमा बुधबार शक्तिशाली भूकम्प आएको छ । जापान भूगर्भ विभागले दिएको जानकारी अनुसार ६.१ म्याग्नीच्युडको भूकम्प आएको हो ।

जापानको सामुद्रीक क्षेत्रमा केन्द्रविन्दु भएर भूकम्प आएकाले मानवीय क्षति भने हुन नपाएको अधिकारीले जनाएका छन् ।

स्थानीय समयअनुसार बेलुका ५.३७ बजे भूकम्प आएको विभागले जानकारी दिएको छ । भूकम्प आएपनि आँधीको सम्भावना भने नदेखिएको अधिकारीले जनाएका छन् ।

# सबै वडाका स्वास्थ्यको बार्षिक समिक्षा सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १३ असोज ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको ८ वटै वडाको स्वास्थ्य शाखाको बार्षिक समिक्षा गोष्ठी बुधबार सम्पन्न भएको छ ।

मंगलबारदेखि शुरु भएको बार्षिक समिक्षा कार्यक्रममा स्वास्थ्य संस्थाबाट पछिल्लो आर्थिक बर्षमा सञ्चालन भएका स्वास्थ्यसँग सम्बन्धित गतिविधिहरुको प्रस्तुतीकरण गरिएको जनाइएको छ ।

बार्षिक समिक्षामा खोप, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन सेवा, पोषण, ओपिडी सेवा लगायतको बारेमा स्वास्थ्य संस्था प्रमुखहरुले प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रम समापनको अवसरमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिनु पर्ने निर्देशन दिए ।

यस्तै जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले गुणस्तरीय स्वास्थ्य सेवाका लागि गाउँपालिकाले स्वास्थ्य संस्थाहरुलाई सुविधा सम्पन्न बनाउनुपर्ने र प्रभावकारी अनुगमन गर्नु पर्ने सुझाव समेत दिए ।

# मोटरसाइकल दुर्घटनामा तीनको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, १३ असोज ।**
धनुषामा बुधबार भएको मोटरसाइकल दुर्घटनामा परि तीन जनाको मृत्यु भएको छ ।

जिल्लाको औरही गाउपालिका र जनकपुरधाम उपमहानगरपालिका १८ को सिमामा पर्ने खोल्सामा मोटरसाइकल खस्दा तीन जनाको मृत्यू भएको प्रहरीले जनाएको छ ।

तीन जना सवार ज.९प. १९८२ नम्बरको मोटरसाइकल खोल्सामा खस्दा तीनै जनाको मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी जितेन्द्र बस्नेतले जानकारी दिए । उनका अनुसार उपचारका लागि जनकपुर ल्याउने क्रममा बाटोमै तीनै जनाको मृत्यू भएको छ ।

प्रहरीका अनुसार लाइसेन्सको आधारमा मृतकमध्ये जनकपुरका कुनाल कुमार साहको मात्र पहिचान खुलेको छ । अन्य दुई जनाको पहिचान खुलेको छैन् ।

मृतकहरुको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर ल्याएको छ । घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# प्रदेश २ का मुख्यमन्त्रीले असोज २० मा बिश्वासको मत लिने

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १३ असोज ।**
प्रदेश नं २ को मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको बैठक यही असोज २० गते आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको छ ।

अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले मन्त्रिपरिषद् बैठकले प्रदेशसभा बैठक असोज २० गते आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको जानकारी दिए ।

सोही दिन मुख्यमन्त्री लालबाबु राउतले विश्वासको मत लिन प्रदेशसभा समक्ष प्रस्ताव प्रस्तुत गर्नुहुने बताइएको छ ।

मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा ३० दिनभित्र प्रदेशसभामा विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ ।

# कांग्रेसद्वारा थप तीन जिल्लाका क्रियाशील सदस्यता सार्वजनिक

काठमाडौं, १३ असोज (रासस) ।
नेपाली कांग्रेसले १४औं महाधिवेशनका लागि थप तीन जिल्लाका क्रियाशील सदस्यताको अन्तिम नामावली सूची सार्वजनिक गरेको छ । पार्टीले मङ्गलबार राति धनुषा, सर्लाही र कैलालीको क्रियाशील सदस्यताको अन्तिम नामावली सार्वजनिक गरेको केन्द्रीय निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो ।

अब चार जिल्लाको मात्र क्रियाशील सदस्यता नामावली सार्वजनिक गर्न बाँकी छ । कांग्रेसले यसअघि क्रियाशील सदस्यताको विवरण सार्वजनिक भएका जिल्लामा वडा अधिवेशन सम्पन्न गरी ती जिल्लामा गत शनिबारदेखि गाउँ/नगर अधिवेशन प्रारम्भ गरिसकेको छ ।

हालसम्म १२ जिल्लामा वडा अधिवेशन गर्न बाँकी रहेको र ती सबै जिल्लाको क्रियाशील सदस्यताको सूची प्राप्त हुनासाथ एकै दिन वडा अधिवेशन प्रारम्भ गरिने उहाँले बताउनुभयो । करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफ्नो वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधि चयन गर्छन् ।

कांग्रेसले क्रियाशील सदस्यताको बाँकी विवाद चाँडै टुङ्ग्याएर दशैंअघिसम्म सबै जिल्लामा पालिकास्तरको अधिवेशन सम्पन्न गर्ने र हिमाली जिल्लामा भने पूर्वनिर्धारित कार्यतालिकाअनुसार जिल्ला अधिवेशनसम्मका सबै अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ ।

पार्टीले यसअघि नै गाउँ/नगरपालिका अधिवेशन यही असोज ९ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १५ गते निर्धारण गरेको थियो । त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरिएको छ ।



नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*